लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य कार्यालय
बर्दिया

जनस्वास्थ्य बुलेटिन
अंक: ३
महिना: असार
आ. व: २०८२/८३

# जनस्वास्थ्य बुलेटिन - असार २०८३

## मुख्य उपलब्धीहरु

- जिल्लाका विभिन्न विद्यालय तथा समुदायहरुमा एचआईभी/एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरण अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सञ्चालन गरियो।
- जिल्लाको गुलरिया नगरपालिका अन्तर्गत वडा नं ४, ५, ६ र १० मा डेंगु सम्बन्धी सरोकारवालाहरू संग सचेतनामुलक अन्तरक्रिया कार्यक्रम साथै डेंगु Search and Destroy कार्यक्रम सफलतापूर्वक सञ्चालन गरियो।
- सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि सरोकारवालाहरू संग समन्वय बैठक कार्यक्रम संचालन गरियो ।
- जिल्लाका विभिन्न स्थानीय तहहरुमा कुष्ठ रोग निवारणका लागी छाला शिबिर तथा Active Case Detection कार्यक्रम संचालन गरियो।
- कुष्ठरोग कार्यक्रमको प्राबिधिक अन्तरक्रिया समिक्षा तथा योजना तर्जुमा कार्यक्रम।
- पूर्ण खोप जिल्ला सुनिश्चितता तथा दिगोपना घोषणा सभा कार्यक्रम।
- स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड सम्बन्धी जिल्ला स्तरीय समिक्षा कार्यक्रम।
- बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूका लागि Clinical Onsite Coaching and Mentoring कार्यक्रम।
- किशोरी रक्तअल्पता परिक्षण तथा ब्यवस्थापन कार्यक्रम।
- CB-IMNCI तालिम (६ दिने आधारभूत तालिम)
- स्तनपान परामर्शदाता तालिम (प्राथामिक स्वास्थ्य केन्द्र र बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरुको लागि ३ दिने तालिम)
- पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धी अभिमुखिकरण कार्यक्रम।
- बिद्यालय स्वास्थ्य शिक्षा शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रम सम्बन्धी अभिमुखिकरण
- सामुदायिक बिद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान २०८२।८३

## संचालित कार्यक्रमहरुको विवरण

### विद्यालय तथा समुदाय स्तरमा एचआईभी/एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरण अन्तरक्रिया कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा ठाकुरबाबा नगरपालिकाका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका र बढैयाताल गाउँपालिका अन्तर्गतका समुदाय तथा विद्यालयहरुमा एचआईभी/एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरण गरी सकारात्मक सोच, समान व्यवहार तथा सम्मानजनक सामाजिक वातावरणको विकास गर्नका निम्ति एचआईभी/एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरण अन्तरक्रिया कार्यक्रम संचालन गरियो।



एचआईभी/एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरणका लागि समुदाय तथा विद्यालयमा सञ्चालन गरिएको अन्तरक्रिया कार्यक्रम अत्यन्त प्रभावकारी र उपलब्धिमूलक रह्यो। कार्यक्रममार्फत सहभागीहरूले एचआईभी संक्रमणका वास्तविक माध्यम, रोकथाम, उपचार तथा संक्रमित व्यक्तिको अधिकारबारे सही जानकारी प्राप्त गरे। यसले समाजमा रहेका भ्रम, डर र नकारात्मक धारणालाई कम गर्न महत्त्वपूर्ण योगदान पुऱ्यायो। साथै विद्यालय र समुदायमा समावेशी तथा भेदभावरहित वातावरण निर्माण गर्ने प्रतिबद्धता समेत विकास भयो।



### डेंगु सम्बन्धी सरोकारवालाहरू संग सचेतनामुलक अन्तरक्रिया कार्यक्रम साथै डेंगु Search and Destroy कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा जिल्लाको गुलरिया नगरपालिका अन्तर्गतका समुदायमा डेंगु रोगको रोकथाम तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्दै एडिस लामखुट्टेको प्रजनन स्थल पहिचान गरी लार्भा नष्ट गर्ने अभियान सञ्चालन गरियो ।

कार्यक्रममा स्वास्थ्यकर्मी, जनप्रतिनिधि, समुदायक महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा डेंगु रोग, यसको कारण, लक्षण, संक्रमणको प्रक्रिया तथा रोकथाम सम्बन्धी जानकारी प्रदान गर्ने,एडिस लामखुट्टेको जीवनचक्र तथा प्रजनन स्थलको पहिचान गराउनु, समुदायमा पानी जम्ने स्थानहरूको खोजी गरी लार्भा नष्ट गर्नु,समुदायलाई नियमित सरसफाइ तथा "हप्तामा एक दिन खोज्ने र नष्ट गर्ने " अभियानमा सहभागी गराउनु, डेंगु नियन्त्रणमा स्थानीय सरकार, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, युवा क्लब तथा समुदायबीच समन्वय अभिवृद्धि गर्दै जनचेतना अभिवृद्धि गर्ने दिशामा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याएको छ।






## कुष्ठरोग कार्यक्रमको प्राबिधिक अन्तरक्रिया, समिक्षा तथा योजना तर्जुमा कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा मिति २०८३/०२/२६ गते गुलरियामा कुष्ठरोग कार्यक्रमको प्राबिधिक अन्तरक्रिया समिक्षा तथा योजना तर्जुमा कार्यक्रम संचालन गरियो। कार्यक्रममा कुष्ठरोग नियन्त्रण कार्यक्रमको वार्षिक प्रगति तथा उपलब्धिहरूको समीक्षा गर्नुका साथै कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा कमजोरीहरूको पहिचान गर्दै, स्वास्थ्य संस्था तथा स्थानीय तहबीच अनुभव, सिकाइ र उत्कृष्ट अभ्यासहरूको आदानप्रदान गर्ने, कुष्ठरोगको समयमै पहिचान, निदान, उपचार तथा अनुगमनलाई प्रभावकारी बनाउने रणनीति तय गर्ने, आगामी आर्थिक वर्षका लागि यथार्थपरक कार्ययोजना, लक्ष्य तथा बजेट तर्जुमा गर्ने र स्वास्थ्यकर्मीहरूको प्राविधिक क्षमता अभिवृद्धि तथा समन्वय सुदृढ गर्ने जस्ता कृयाकलाप हरुमा छलफल गरियो।

कुष्ठरोग कार्यक्रमको प्राविधिक अन्तरक्रिया, समीक्षा तथा योजना तर्जुमा कार्यक्रमले कार्यक्रम कार्यान्वयनको वास्तविक अवस्था विश्लेषण गर्न, उपलब्धि तथा चुनौतीहरूको समीक्षा गर्न र आगामी वर्षका लागि व्यवहारिक तथा परिणाममुखी योजना तयार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। सहभागीहरूको सक्रिय सहभागिता, तथ्यमा आधारित छलफल तथा अनुभव आदानप्रदानले कार्यक्रमलाई अझ प्रभावकारी बनाउने आधार तयार भएको छ। यस कार्यक्रमबाट तयार गरिएको कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा सरोकारवालाबीचको समन्वयबाट कुष्ठरोग नियन्त्रण तथा अन्त्यको राष्ट्रिय लक्ष्य हासिल गर्न थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।






## कुष्ठ रोग निवारणका लागी छाला शिबिर तथा Active Case Detection कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा मिति २०८३/०३/१३ गते देखि २०८३/०३/२८ सम्म बाँसगढी नगरपालिका, बाराबर्दिया नगरपालिका, बढैयाताल गाउँपालिकामा, गुलरिया नगरपालिका र गेरुवा गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा समुदायमा लुकेर रहेका तथा स्वास्थ्य संस्थाको पहुँचभन्दा बाहिर रहेका कुष्ठरोगका नयाँ बिरामीहरूको सक्रिय रूपमा खोजी गरी समयमै पहिचान गर्ने,शंकास्पद कुष्ठरोगका बिरामीहरूको निःशुल्क परीक्षण, निदान तथा आवश्यक उपचार सेवा उपलब्ध गराउने. कुष्ठरोगका बिरामीहरूलाई बहुऔषधीय उपचार (Multi Drug Therapy–MDT) मा समयमै जोड्ने तथा उपचार निरन्तरता सुनिश्चित गर्ने, रोगको समयमै पहिचान गरी स्थायी अपाङ्गता, शारीरिक विकृति तथा जटिलता हुनबाट बचाउने, समुदायमा कुष्ठरोग सम्बन्धी जनचेतना अभिवृद्धि गरी लाञ्छना (Stigma) तथा विभेद न्यूनीकरण गरि कुष्ठ रोग निवारणका लागी छाला शिबिर तथा Active Case Detection कार्यक्रम संचालन गरियो।

जिल्लाका विभिन्न स्थानीय तहहरूमा सञ्चालन गरिएको छाला शिविर तथा Active Case Detection कार्यक्रमले समुदायमा लुकेर रहेका कुष्ठरोगका बिरामीहरूको समयमै पहिचान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस कार्यक्रममार्फत शंकास्पद बिरामीहरूको निःशुल्क परीक्षण, पुष्टि भएका बिरामीहरूको तत्काल उपचार प्रारम्भ तथा अन्य छाला रोगका बिरामीहरूलाई पनि आवश्यक सेवा उपलब्ध गराउन सफल भएको छ।





## पूर्ण खोप जिल्ला सुनिश्चितता तथा दिगोपना घोषणा सभा कार्यक्रम

जिल्ला खोप समन्वय, बर्दियाको आयोजनामा मिति २०८३/०३/२४ गते बर्दिया जिल्लाका सबै बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार सबै आवश्यक खोप प्राप्त गरेको सुनिश्चित गर्नुका साथै भविष्यमा पनि पूर्ण खोपको अवस्था दिगो रूपमा कायम राख्नुका निम्ति पूर्ण खोप जिल्ला सुनिश्चितता तथा दिगोपना घोषणा सभा कार्यक्रम सफलतापूर्वक संचालन गरियो। पूर्ण खोप जिल्ला सुनिश्चितता तथा दिगोपना घोषणा सभा कार्यक्रमले जिल्लामा राष्ट्रिय खोप कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको पुष्टि गर्नुका साथै सबै बालबालिकालाई आवश्यक खोप उपलब्ध गराउने अभियानलाई थप सुदृढ बनाएको छ। कार्यक्रममार्फत स्थानीय तह, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, विकास साझेदार तथा समुदायबीचको सहकार्य अझ प्रभावकारी भएको छ।

घोषणा सभा केवल उपलब्धिको औपचारिक घोषणा मात्र नभई भविष्यमा पनि कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नहोस् भन्ने साझा प्रतिबद्धताको अवसर बनेको छ। नियमित अनुगमन, गुणस्तरीय सेवा, विश्वसनीय तथ्याङ्क व्यवस्थापन तथा समुदायको सक्रिय सहभागिताले पूर्ण खोपको अवस्थालाई दीर्घकालसम्म कायम राख्न महत्वपूर्ण आधार तयार भएको छ। यस कार्यक्रमले खोपबाट रोकथाम गर्न सकिने रोगहरूको नियन्त्रण तथा बाल स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।







## बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूका लागि Clinical Onsite Coaching and Mentoring कार्यक्रम

सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूको क्लिनिकल क्षमता, ज्ञान, सीप तथा आत्मविश्वास सुदृढ हुनु अत्यन्त आवश्यक हुन्छ। स्वास्थ्य संस्थामा उपलब्ध सेवाको गुणस्तर प्रत्यक्ष रूपमा स्वास्थ्यकर्मीहरूको दक्षता, प्रमाणमा आधारित उपचार अभ्यास तथा नियमित प्राविधिक सहयोगमा निर्भर गर्दछ।

यसै उद्देश्यका साथ स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूको लागि Clinical Onsite Coaching and Mentoring कार्यक्रम सञ्चालन गरिएको हो। यस कार्यक्रममा अनुभवी प्रशिक्षक तथा मेन्टरहरूले कार्यस्थलमै प्रत्यक्ष रूपमा कोचिङ, क्लिनिकल मार्गदर्शन, समस्या समाधान, सेवा अवलोकन तथा आवश्यक सुधारका लागि प्राविधिक सहयोग प्रदान गरेका थिए। कार्यक्रमले सुरक्षित प्रसूति सेवा, नवजात शिशुको स्याहार तथा आपतकालीन प्रसूति व्यवस्थापनमा नर्सिङ कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।






## स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड अभिमुखिकरण तथा समिक्षा कार्यक्रम

वर्दिया जिल्लामा ३३ वटा स्वास्थ्य संस्थामा न्यूनतम सेवाको मापदण्ड अनुसार मुल्याङ्कन गरी हेर्दा १२ वटाले न्यूनतम मापदण्ड पुरा गरेको पाइयो भने १९ वटाले मापदण्ड पुर गर्ने तर्फ उन्मुख भएको पाइयो र २ वटा धेरै सुधार गर्नु पर्ने अवस्था पाइयो ।

मापदण्ड पुरा नगरेका स्वास्थ्य संस्थाको सेवा गुणस्तरमा कमी भएको हुनाले जिम्वेवारी निकायले जिम्वेवारीका साथ कमीकमजोरीको सुधार गर्नु पर्ने देखिएकोले कार्य योजना तर्जुमा गरी जिम्वेवारी बाँडफाड भयो ।






## सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि समन्वय बैठक

नेपाल सरकारले सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८, सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) नियमावली, २०६८, तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ लगायतका कानुनी व्यवस्थामार्फत सुर्तीजन्य पदार्थ तथा मदिराको नियमन र नियन्त्रणलाई प्राथमिकता दिएको छ। यी कानुनी व्यवस्था तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार, स्वास्थ्य कार्यालय, प्रशासन, प्रहरी, शिक्षा क्षेत्र, उद्योग वाणिज्य, सञ्चार माध्यम तथा अन्य सरोकारवाला निकायबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ।

यसै उद्देश्यले स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि समन्वय बैठक सञ्चालन गरी सम्बन्धित निकायबीच समन्वय, अनुभव आदान—प्रदान तथा संयुक्त कार्ययोजना निर्माण गरिएको थियो।






## स्तनपान परामर्शदाता तालिम (प्राथमिक स्वास्थ्य केन्द्र र बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरुको लागि ३ दिने तालिम)

स्वास्थ्य कार्यालय, बर्दियाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८३/०३/१६ देखि २०८३/०३/१८ गतेसम्म बर्दिया जिल्लाको गुलरियामा स्तनपान परामर्शदाता (Breastfeeding Counsellor) तालिम कार्यक्रम सञ्चालन गरिएको थियो।

यस तालिमको मुख्य उद्देश्य स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारीहरूको स्तनपानसम्बन्धी ज्ञान, सीप तथा परामर्श क्षमता अभिवृद्धि गरी गर्भवती तथा सुत्केरी आमाहरूलाई गुणस्तरीय स्तनपान परामर्श सेवा उपलब्ध गराउनु रहेको थियो। साथै, जन्मेको पहिलो घण्टाभित्र स्तनपान सुरु गराउने, शिशुलाई पहिलो छ महिनासम्म केवल आमाको दूध मात्र खुवाउने (Exclusive Breastfeeding) तथा दुई वर्ष वा सोभन्दा बढी समयसम्म पूरक आहारसँगै स्तनपानलाई निरन्तरता दिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नु पनि तालिमको महत्वपूर्ण उद्देश्य रहेको थियो।

तालिममा स्तनपानसम्बन्धी राष्ट्रिय मापदण्ड, स्तनपान परामर्शका सिद्धान्त, प्रभावकारी सञ्चार तथा परामर्श सीप, स्तनपानमा देखिने सामान्य समस्या तथा तिनको व्यवस्थापन, नवजात शिशुको सही स्तनपान गराउने विधि, स्तनपानको मूल्याङ्कन, आमालाई मनोसामाजिक सहयोग प्रदान गर्ने उपाय तथा स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्तनपान परामर्श सेवा प्रवाह गर्ने विषयमा सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण प्रदान गरिएको थियो।






स्तनपान परामर्शदाताको लागि
तालिम कार्यक्रम
मिति : २०८३ असार १६ देखि १८ गते सम्म
स्थान : बिजया गेष्ट हाउस गुलरिया, बर्दिया
आयोजक
लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय बर्दिया
VIJAYA

## किशोरी रक्तअल्पता परिक्षण तथा व्यवस्थापन कार्यक्रम

किशोरी रक्तअल्पता परीक्षण तथा व्यवस्थापन कार्यक्रमले किशोरीहरूको स्वास्थ्य अवस्था पहिचान, समयमै उपचार तथा पोषण सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। कार्यक्रमअन्तर्गत गरिएको हेमोग्लोबिन परीक्षणबाट रक्तअल्पता भएका किशोरीहरूको समयमै पहिचान गरी आइरन—फोलिक एसिड चक्की, जुकाको औषधि, पोषण परामर्श तथा आवश्यकतानुसार रिफरल सेवा उपलब्ध गराइएको छ। साथै, सन्तुलित आहार, आइरनयुक्त खाद्य पदार्थको सेवन, महिनावारी सरसफाइ तथा स्वस्थ जीवनशैलीबारे दिइएको स्वास्थ्य शिक्षाले किशोरीहरूमा सकारात्मक व्यवहार परिवर्तनको आधार तयार गरेको छ।

यस कार्यक्रमले विद्यालय, अभिभावक, स्वास्थ्य संस्था तथा समुदायबीचको समन्वयलाई सुदृढ गर्दै किशोरी स्वास्थ्य सेवाको पहुँच र उपयोग बढाउन सहयोग पुऱ्याएको छ। नियमित परीक्षण, निरन्तर परामर्श, औषधि उपलब्धता र प्रभावकारी अनुगमनलाई निरन्तरता दिएमा किशोरीहरूमा रक्तअल्पताको समस्या उल्लेखनीय रूपमा घटाई स्वस्थ, सक्षम र उत्पादक युवा जनशक्ति निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।








### (किशोरी रक्तअल्पता परिक्षणको नतिजा)

| Local level | Grand Total | Normal | Mild Anemia | Moderate Anemia | Severe Anemia | Total Anemia | Anemia % |
|---|---|---|---|---|---|---|---|
| Bansgadhi | २०८ | ६१ | १०७ | ४० | ० | १४७ | ७०.६७ |
| Barbardiya | २१५ | ७ | ६७ | १३६ | ५ | २०८ | ९६.७४ |
| Thakurbaba | ३३३ | १०६ | १५२ | ७४ | १ | २२७ | ६८.१६ |
| Geruwa RM | २४५ | ६ | ४८ | १८१ | १० | २३९ | ९७.५५ |
| Rajapur | ३५० | ६० | १२३ | १६३ | ४ | २९० | ८२.८५ |
| Madhuwan | ३४१ | ४८ | १६९ | ११५ | ९ | २९३ | ८५.९ |
| Gulariya | १२४ | ३२ | ५७ | ३३ | २ | ९२ | ७४.१९ |
| Badhaiyatal | १५२ | ३१ | ९७ | २३ | १ | १२१ | ७९.६ |
| **Grand Total** | १९६८ | ३५१ | ८२० | ७६५ | ३२ | १६१७ | ८२.१६ |

## CB-IMNCI तालिम (६ दिने आधारभूत तालिम)






स्वास्थ्य कार्यालय, बर्दियाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८३/०३/१ देखि २०८३/०३/६ गतेसम्म बर्दिया जिल्लाको गुलरियामा CB-IMNCI तालिम (६ दिने आधारभूत तालिम) तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। यस तालिमको मुख्य उद्देश्य स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरी पाँच वर्षमुनिका बालबालिका तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको थियो।

तालिमले नवजात तथा बालबालिकामा देखिने प्रमुख रोगहरूको प्रारम्भिक पहिचान, सही वर्गीकरण, उचित उपचार, आवश्यक परामर्श तथा समयमै रिफरल गर्ने क्षमतामा उल्लेखनीय सुधार ल्याएको छ। साथै, पोषण, स्तनपान, वृद्धि अनुगमन, खोप तथा अभिलेख–प्रतिवेदन प्रणालीप्रति सहभागीहरूको बुझाइ अझ सुदृढ भएको छ। यस प्रकारका नियमित क्षमता अभिवृद्धि तालिमहरूले बाल तथा नवजात मृत्यु दर घटाउन, सेवा गुणस्तर सुधार गर्न र समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धी अभिमुखिकरण कार्यक्रम

नेपाल सरकारले नागरिकको पोषण अवस्था सुधार गरी कुपोषणको समस्या न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न पोषणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाहरूलाई पोषणमैत्री बनाउन तथा मातृ, शिशु, बालबालिका, किशोरी, गर्भवती तथा सुत्केरी महिलाको पोषण अवस्थालाई सुदृढ बनाउन पोषण मैत्री स्वास्थ्य संस्था (Nutrition Friendly Health Facility) अवधारणा लागू गरिएको हो।

यस अवधारणाबारे स्वास्थ्यकर्मी, स्वास्थ्य व्यवस्थापन समिति, महिला स्वास्थ्य स्वयंसेविका तथा स्थानीय सरोकारवालाहरूलाई जानकारी गराई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ज्ञान तथा सीप विकास गर्ने उद्देश्यले स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो।

हो।





## बिद्यालय स्वास्थ्य शिक्षा शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रम सम्बन्धी अभिमुखिकरण


विद्यालय स्वास्थ्य शिक्षा शिक्षकहरू यस कार्यक्रमका प्रमुख कार्यान्वयनकर्ता भएकाले उनीहरूलाई कार्यक्रमको उद्देश्य, नीति, कार्यविधि, स्वास्थ्य तथा पोषणसम्बन्धी विषयवस्तु, व्यवहार परिवर्तन शिक्षा तथा विद्यालयमा सञ्चालन गर्नुपर्ने गतिविधिहरूबारे स्पष्ट जानकारी गराउनका निम्ति स्वास्थ्य कार्यालय बर्दियाको आयोजनामा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो ।यस कार्यक्रमले विद्यालयमा स्वास्थ्य प्रवर्द्धन गर्ने वातावरण निर्माण गर्न तथा विद्यार्थीहरूको स्वस्थ जीवनशैली विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ।






## सामुदायिक बिद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान २०८२।८३

सामुदायिक विद्यालयहरूमा अस्वस्थकर खाना (जंक फुड) को बिक्री, वितरण, विज्ञापन तथा उपभोगलाई नियमन र नियन्त्रण गरी विद्यार्थीहरूमा स्वस्थ, सुरक्षित र पोषणयुक्त खानपानको व्यवहार विकास गर्नु तथा विद्यालयलाई स्वास्थ्य प्रवर्द्धन र पोषणमैत्री वातावरणका रूपमा विकास गर्नका लागि स्वास्थ्य कार्यालय बर्दियाको आयोजनामा यस अभियान संचालन गरिएको हो।








## स्वास्थ्य कार्यालयको "साउन" को लागि कार्ययोजना

- **बर्दिया जिल्लामा रहेका सम्पूर्ण स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थाहरूको DHIS-2 मार्फत Data Verification गरी Health Indicators हरूको गुणस्तर सुनिश्चित गर्ने।**
- **स्वास्थ्य कार्यालय, बर्दियाको वार्षिक समीक्षा सञ्चालन गर्नका निम्ति कार्ययोजना निर्माण गर्ने।**
- **स्वास्थ्य कार्यालयमार्फत सञ्चालन भएका विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको प्रगति सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्नका निम्ति कार्ययोजना निर्माण गर्ने।**

## स्वास्थ्य कार्यालयको अनुरोध

**१. पूर्ण खोप सुनिश्चित गरौं:** प्रत्येक बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार समयमै सबै खोप प्राप्त गर्ने वातावरण निर्माण गरौं र पूर्ण खोप घोषणा अभियानलाई सफल बनाऔं।

**२. पोषण र स्तनपानलाई प्राथमिकता दिऔं:** जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गरौं, पहिलो ६ महिनासम्म आमाको दूध मात्र खुवाऔं तथा BMS ऐनको प्रभावकारी कार्यान्वयनमा सबैले सहयोग गरौं।

**३. स्वस्थ जीवनशैली अपनाऔं:** सुर्तीजन्य पदार्थ, लागू पदार्थ तथा अस्वस्थकर खानाको प्रयोग न्यूनीकरण गरी सुरक्षित खानेपानी, सरसफाइ र स्वस्थकर खानपानलाई दैनिक जीवनको हिस्सा बनाऔं।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** पदमा कुमारी श्रेष्ठ (प.हे.न) +९७७ ९८५८०२१९९४ , shresthapadma85@gmail.com

**गुनासो सुन्ने अधिकारी:** नारायण प्रसाद चौधरी, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख +९७७ ९८५८०७००२७

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय):** ११११५



कार्यालयको ठेगाना
बर्दिया, लुम्बिनी प्रदेश

प्रशासनिक ठेगाना
गुलरिया-६, बर्दिया, लुम्बिनि प्रदेश

कार्यालयको इमेल
healthoffice.bardiya@gmail.com

सम्पर्क नं
९८५८०७००२७




स्वास्थ्य कार्यालय, बर्दियाको वेबसाइट

स्वास्थ्य कार्यालय, बर्दियाको फेसबुक पेज